# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, मंसीर ६ गते २०३६ साल (अतिरिक्ताङ्क ३६

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३६ सालको ऐन नं. १३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

३८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अपाङ्गहरूको संरक्षण तथा कल्याणकारी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः अपाङ्गहरूको हितको संरक्षण तथा सम्बर्द्धन गर्न, अपाङ्ग हुने परिस्थितिको रोकथाम गरी निराकरण गर्न, अपाङ्गहरूको स्वास्थ्य, शिक्षा, स्याहार, तालीम र उनीहरूको समानताको हक तथा रोजगारी समेतको कल्याणकारी आवश्यक व्यवस्थाहरू गरी अपाङ्गहरूलाई समाजकै सक्षम सदस्य एवं सक्रिय रूपमा उत्पादनशील नागरिक बनाउन वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अपाङ्ग" भन्नाले सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा अक्षम भएको नेपाली नागरिकलाई सम्झनुपर्छ। सो शब्दले कानो, अन्धो, बहिरो, लाटो, लठेब्रो, लुलो, कुँजो, लङ्गडो, खोरण्डो, डुँडो वा सुस्त मनस्थिति भएको व्यक्तिलाई समेत जनाउँछ ।

(ख) "असहाय अपाङ्ग" भन्नाले जायज्येथा केही नभएका वा स्याहार सुसार गर्ने कोही नभएका आफैं रोजगार गरी खान नसक्ने अपाङ्ग सम्झनुपर्छ ।

(ग) "अपाङ्ग घर" भन्नाले असहाय अपाङ्गहरूलाई पालन पोषण समेतको लागि व्यवस्था गरिएको घर सम्झनुपर्छ ।

(घ) "समाज कल्याण अधिकृत" भन्नाले श्री ५ को सरकारले दफा १८ बमोजिम नियुक्त गरेका वा तोकेको अधिकृत सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. अपाङ्गपनको निर्धारणः (१) दफा २ को खण्ड (क) मा उल्लिखित अपाङ्गको परिभाषा तथा अपाङ्गपनको निर्धारण चिकित्सा शास्त्रका सर्वमान्य सामान्य सिद्धान्त र नेपाल अधिराज्यको परिप्रेक्ष्यमा निश्चित गरिएको मापदण्डको आधारमा हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति अपाङ्ग हो होइन भन्ने कुराको निर्णय श्री ५ को सरकारबाट यस प्रयोजनका निम्ति तोकिएको वा गठन गरिएको चिकित्सक वा समितिको निर्णय नै अधिकारिक हुनेछ ।

४००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारले अन्तर्राष्ट्रिय प्रचलन र नेपाल अधिराज्यको परिप्रेक्ष्यलाई ध्यानमा राखी त्यस्तो तोकिएको वा गठन गरिएको चिकित्सक वा समितिको निर्णयमा नेपाल राजपत्रमा प्रकाशित आदेशद्वारा थप घट गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

४. अपाङ्गहरूको हितको संरक्षणः अपाङ्गलाई आफ्नो अपाङ्गपनको उपचार गर्नका निम्ति आवश्यक औषधि र स्वास्थ्य सेवा उपलब्ध गराउनु, आफ्नो अशक्तताको कारणबाट पर्न आउन सक्ने प्रतिकूलतालाई सकेसम्म कम पार्न, काम गर्न सक्ने क्षमता प्राप्तिका लागि आवश्यक पर्ने सहायक बस्तु, उपकरण तथा औजार प्राप्त गराउन, शैक्षिक, व्यावसायिक, आर्थिक, शारीरिक, मानसिक र सामाजिक रूपमा पुनर्स्थापन गराउन कल्याणकारी सहायता एवं सेवा उपलब्ध गराउन र समुदायमा समानताको आधारमा पूर्ण सहभागी गराउन श्री ५ को सरकारले आवश्यकता अनुसार उपयुक्त व्यवस्था गर्न सक्नेछ ।

५. समानताको हकः (१) कुनै अपाङ्गहरूलाई निजको केवल अपाङ्गपनको आधारमा मात्र नेपाल अधिराज्यभित्रको शिक्षा र तालीम दिने वा सामाजिक वा सांस्कृतिक कार्यक्रम गर्ने कुनै पनि संस्था वा क्लब वा समुदाय वा समारोहमा प्रवेश गर्नबाट रोक्न पाइनेछैन ।

(२) अरुले पाएसरहको राजनैतिक अधिकार, आर्थिक र सामाजिक सुरक्षा पाउने, सम्मानपूर्ण जीवनयापन गर्ने, रोजगारी पाउने, उपयोगी, उत्पादनशील र अर्थपूर्ण कुनै व्यवसायमा लाग्न मानवोचित सम्मान पाउने समेतको अधिकारबाट वन्चित गर्न पाउनेछैन ।

(३) सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै अपाङ्गलाई निजको केवल अपाङ्गपनको आधारमा मात्र भेदभाव गर्ने, कुनै पदमा नियुक्ति गर्न वा बढुवा वा बृद्धि वा समान व्यवहार पाउनबाट वन्चित गर्न पाइनेछैन ।

तर खास कुनै प्रकारको सेवाका कामको लागि सेवा वा कामको प्रकृति अनुरूप कुनै प्रकारको अपाङ्गको नियुक्ति, बढुवा, बृद्धि वा समान व्यवहार अनुपयुक्त हुने भएमा सो गर्न यस दफाले बाधा पुऱ्याएको मानिनेछैन ।

६. शिक्षा तथा तालीमको व्यवस्थाः (१) कुनै अपाङ्गले शिक्षा प्राप्त गर्नको लागि कुनै शिक्षण संस्थामा भर्ना हुने भएमा निजलाई त्यस्तो शिक्षण संस्थामा शुल्क लिइनेछैन ।

(२) अपाङ्गलाई शिक्षा दिने शिक्षकहरूलाई उपयुक्त तालीमसम्बन्धी आवश्यक व्यवस्था गर्न सकिनेछ ।

(३) अन्धा, बहिरा र सुस्त मनस्थिति भएकालाई शिक्षा दिने विशेष प्रकारको व्यवस्था गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. <u>स्वास्थ्य तथा औषधि उपचारको व्यवस्थाः</u> (१) निरोध वा निवारण हुन सक्ने अपाङ्गपनको निरोध तथा निवारण गर्न र अपाङ्गपन तुल्याउने कारकतत्वहरू पत्ता लगाई त्यसको निरोध, निवारण, नियन्त्रण, उन्मूलन र उपचार गर्ने सम्बन्धमा श्री ५ को सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) अपाङ्गबाट उत्पन्न हुने विभिन्न प्रतिकूल असरलाई यथाशक्य घटाउनका लागि आवश्यक पर्ने उपचार उपलब्ध गराउन त्यसको लागि गरिने परीक्षण तथा स्वास्थ्य सेवा प्रदान गर्न श्री ५ को सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) अपाङ्गपन आई पर्ने अवस्थालाई यथासम्भव निराकरण गर्न श्री ५ को सरकारले पौष्टिक आहारमा बृद्धि, किटाणुजन्य रोगको नियन्त्रण वा उन्मूलन गर्न र दुर्घटनाहरूको रोकथामको लागि आवश्यक व्यवस्था समेत गर्न सक्नेछ ।

८. <u>तालीम तथा रोजगारीको व्यवस्थाः</u> (१) अपाङ्गलाई आर्थिक रूपमा स्वावलम्बी बनाउन उपयुक्त तालीम तथा रोजगारीको आवश्यक व्यवस्था मिलाउन सकिनेछ । निजहरूको अवस्था सुहाउँदो वातावरणमा श्रमको उचित प्रतिफल पाउन सक्ने प्रकारको तालीम दिने व्यवस्था गर्न सकिनेछ ।

(२) श्रम आपूर्ति व्यवस्थाद्वारा अपाङ्गलाई खुला तथा स्वावलम्बनकारी उद्योग वा ग्रामीण रोजगारी जस्ता श्रम वा रोजगारी व्यवस्थामा लगाउने व्यवस्था गर्न सकिनेछ ।

(३) अपाङ्ग श्रमिकहरूलाई कम्तीमा सामान्य जीवनयापनको लागि थप सुविधा दिइने व्यवस्था गर्न सकिनेछ ।

(४) पच्चीस जनाभन्दा बढी मजदूर नियुक्त गरिने कारखानाले जम्मा मजदूर सँख्याको पाँच प्रतिशत सँख्यामा नघटाई अपाङ्गलाई उनीहरूको शारीरिक क्षमता, तालीम, योग्यता र अनुभवको आधारमा उपयुक्त हुने काममा उपलब्ध भएसम्म नियुक्ति गर्न पर्ने गरी तोकन सक्नेछ । यस्तो मजदूरले अन्य मजदूरले पाए सरहको पारिश्रमिक पाउनेछ र तिनीहरूको सेवाका शर्तहरू तथा बृत्ति विकासका अवसरहरू पनि मजदूर सरह हुनेछ ।

तर कुनै कारखानाले अपाङ्गलाई नियुक्त गर्दा निजको स्वास्थ्य तथा अन्य अवस्थामा हानि हुने संभावना विद्यमान छ भन्ने तथ्य त्यस्तो कारखानाले दर्शाई समाज कल्याण अधिकृतको पूर्व अनुमति प्राप्त गरेमा त्यस्तो कारखानालाई यस उपदफाको बाध्यात्मक व्यवस्थाबाट छूट दिन सकिनेछ ।

(५) अपाङ्गको निम्ती मात्र निजी रोजगारीको व्यवस्था गर्न घरेलु तथा ग्रामीण साना उद्योगको सञ्चालनका लागि ऋण, कच्चा पदार्थको उपलब्धि, बजार व्यवस्था इत्यादि आधारभूत सुविधा तथा संरक्षण प्रदान गर्ने व्यवस्था गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) अपाङ्गको निम्ती मात्र रोजगारी तथा जीविकोपार्जनका उपायहरू र त्यसलाई दिन सकिने तथा दिनु पर्ने सुविधा सहूलियतको संभाव्यताबारेमा अध्ययन गर्ने गराउने व्यवस्था गरिनेछ ।

(७) कुनै यन्त्रको काममा अपाङ्गलाई लगाउँदा निजको सुरक्षा हुने गरी सुरक्षा उपकरण प्रयोग गर्नुपर्ने व्यवस्था गर्न सकिनेछ ।

९. अपाङ्गहरूमा प्राथमिकता: यस ऐनमा व्यवस्था गरिएका तथा अन्य उपलब्ध हुन सक्ने सुविधा तथा सहूलियतहरू प्रदान गर्दा अपाङ्गमध्ये बढी मात्रामा अपाङ्ग भएका व्यक्तिको अवस्थालाई ध्यानमा राखी प्रदान गर्न सकिनेछ ।

१०. सुविधा तथा सहूलियत: (१) घरबास नभएका अपाङ्गलाई आफ्नो घरबास बनाउन वा कुनै अपाङ्गलाई कृषि व्यवसायमा लाग्न जग्गा चाहिएमा श्री ५ को सरकारले प्रचलित कानूनबमोजिम वितरण गरिने वा हाल आवादी गर्न दिइने जग्गा तोकिएको शर्तवन्देजको अधीनमा रहने गरी उपलब्ध गराई दिन सकिनेछ ।

(२) कुनै अपाङ्गले खेलकूद, मनोरञ्जन वा सांस्कृतिक प्रदर्शन इत्यादिमा भागलिन चाहेमा सो कामको लागि सम्बन्धित संस्थामा उपयुक्त तालीम दिने, सिकाउने र सो कामको लागि व्यवस्था गरिदिने सम्बन्धमा प्राथमिकता दिन सकिनेछ ।

(३) कुनै अपाङ्गलाई बस, रेल, हवाईजहाजबाट यात्रा गर्दा निजलाई र अरु कुनै व्यक्तिको सहारा निरन्तर चाहिने भए त्यस्तो एकजना व्यक्तिलाई यात्रुभाडाको आधा भाडा छूट दिन सकिनेछ ।

(४) अपाङ्गले प्रयोग गर्नुपर्ने सहायक साधन, उपकरण वा औजार तथा अपाङ्गको तालीमको लागि वा निजी रोजगारीमा लागेका अपाङ्गको रोजगारीको लागि प्रयोग गरिने मालसामान यन्त्र, पूर्जा तथा कच्चा पदार्थहरूमा भन्सार, अन्तःशुल्क, बिक्रीकर, स्थानीय कर, सरचार्ज र अन्य दस्तूर समेत श्री ५ को सरकारले सम्पूर्ण वा आंशिक रूपमा छूट दिन सकिनेछ ।

तर त्यस्ता रोजगारहरू पूर्णरूपले अपाङ्गहरूको रोजगार हुनु पर्दछ ।

(५) अपाङ्गलाई र अपाङ्गको पुनर्स्थापनको लागि स्थापना भएका वा सो कामको कार्यान्वयन गर्न प्रयोग गरिएका संस्थाहरूलाई आयकर तथा अन्य सबै प्रकारका करहरूबाट श्री ५ को सरकारले छूट दिन सक्नेछ । यसरी छूट पाउने अपाङ्गले आफ्नो अपाङ्गपनको तथा त्यस्ता संस्थाले सो सेवामा लागेको भन्ने प्रमाणपत्र प्रस्तुत गरेपछि आयकर विवरण प्रस्तुत गर्नु पर्नेछैन ।

(६) अपाङ्गलाई रोजगारी दिने कारखानालाई सो कारखानाले नियुक्त गरेको अपाङ्गको अनुपातमा श्री ५ को सरकारले तोकिएबमोजिमको दरले

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयकरबाट छूट दिन सक्नेछ। अपाङ्गलाई नियुक्त गर्न आफ्नो कारखानाको यन्त्रमा गरिएको विशेष अदल बदल वा जडान गरिएको पार्टपूर्जाहरूको बापतमा भएको खर्चलाई तोकिएबमोजिमको परिमाणमा आयकर छूट पाउने अङ्कमा जोड्न अनुमति दिन सकिनेछ ।

(७) अपाङ्गका निम्ती मात्र तालीम दिने वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरी दिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा आर्थिक संस्थाहरूबाट सरल ब्याज दरमा ऋण दिलाउने व्यवस्था गर्न सकिनेछ ।

(८) बृद्ध अपाङ्ग तथा असहाय अपाङ्गलाई बसोबासको लागि अपाङ्ग घरको व्यवस्था गर्न र त्यस्तो अपाङ्ग घरमा मनोरञ्जन तथा समय सुविस्तासंग बिताउने साधनहरूको व्यवस्था गर्न सकिनेछ ।

(९) अपाङ्गहरूको निमित्त तोकिएबमोजिमको बेकारी भत्ता, जीवनयापन भत्ता, बृद्धावस्था निवृत्तिभरण वा कमाई गरी खान नसक्ने अपाङ्ग व्यक्तिलाई विशेष भत्ताको व्यवस्था मिलाउन सकिनेछ ।

(१०) सार्वजनिक यातायातको साधनहरूमा अपाङ्ग व्यक्तिहरूको लागि केही स्थान सुरक्षित राख्ने प्रबन्ध गर्न सकिनेछ ।

११. <u>अपाङ्गको पालन पोषणः</u> अपाङ्गलाई परिवारका सदस्य, संरक्षक वा हकवालाले हेर विचार गरी पालन पोषण गर्नु पर्नेछ ।

१२. <u>संरक्षक र चिकित्सकको कर्तव्यः</u> कुनै व्यक्ति अपाङ्ग भएको छ वा हुने अवस्थामा पुगेको छ भन्ने लागेमा नजीकको अस्पताल वा श्री ५ को सरकारले तोकिदिएको ठाउँमा यथासंभव चाँडो सूचना गर्नु वा पुऱ्याउनु निजको संरक्षक र निजलाई जाँच्ने चिकित्सकको कर्तव्य हुनेछ । त्यस्तो व्यक्तिलाई प्राथमिकताको आधारमा उपचार गर्नु र सो ठाउँमा उपचार हुन नसक्नेमा उपचार हुन सक्ने ठाउँमा सिफारिश गरी पठाई दिनु त्यस्तो अस्पताल वा चिकित्सकको कर्तव्य हुनेछ ।

१३. <u>अङ्ग दान दिन सकिनेः</u> कुनै व्यक्तिले आफू मरेपछि आफ्नो शरीरको कुनै अङ्ग कुनै व्यक्ति वा संस्थालाई दान दिन चाहेमा लिखत गरी दान दिन सक्नेछ ।

१४. <u>रकम छुटचाउनु पर्नेः</u> कारखाना वा औद्योगिक प्रतिष्ठान वा धार्मिक संस्थाहरूले अपाङ्ग भएका व्यक्तिलाई संरक्षण सम्वर्द्धन गर्न आफ्नो आम्दानीको तोकिएको प्रतिशत रकम छुटचाउनु पर्नेछ ।

१५. <u>कुष्ठरोगी अपाङ्गसम्बन्धी थप व्यवस्थाः</u> कुष्ठरोग लागेको अपाङ्ग व्यक्तिलाई कसैले पनि छुन नहुने भनी वा त्यस्तै आधारमा तिरस्कार गर्न हुँदैन। सो आधारमा

१०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै प्रकारले तिरस्कार गरेमा वा त्यस्ता रोगीको मनोभावना कुण्ठित हुने गरी गाली बेइज्जती गरेमा त्यस्तो व्यक्तिलाई र सो कार्यको लागि जिम्मेदार अन्य व्यक्तिलाई समेत यस ऐनमा तोकिएबमोजिम सजाय गर्न सकिनेछ ।

१६. मानसिक विक्षिप्तता भएका अपाङ्ग सम्बन्धी थप व्यवस्थाः (१) मानसिक विक्षिप्तता भएका अपाङ्गलाई अस्पताल वा उपचार गृहमा राखी उपचार गर्ने व्यवस्था गर्न सकिनेछ ।

(२) फौजदारी अपराधमा प्रचलित कानूनबमोजिम कारवाही भइरहेका वा सजाय पाएका व्यक्तिबाहेक प्रचलित कानूनमा जुनसुकै कुरा लेखिए तापनि उपचारको लागि वा सुरक्षात्मक व्यवस्थाको लागि बाहेक कुनै पनि मानसिक रोगले पीडित व्यक्तिलाई कारागारमा राखिनेछैन ।

१७. अपाङ्गसम्बन्धी अपराध र दण्ड सजायः (१) कसैले पनि कुनै अपाङ्गको तर्फबाट जानी जानी निजको अहित हुने गरी कुनै कारोवार गर्न वा लिखत तयार गर्न हुँदैन ।

(२) कसैले पनि कुनै व्यक्तिलाई भिक्षा माग्ने वा अनैतिक काम गर्ने वा त्यस्तै अन्य काममा प्रयोग गर्ने उद्देश्यले निजको मन्जूरी लिई वा नलिई अपाङ्ग बनाउन वा बनाउने उद्योग गर्नु हुँदैन ।

(३) कसैले पनि मागी खाने वा अनैतिक काम गर्ने वा अन्य त्यस्तो कारोवारमा कुनै अपाङ्गलाई प्रयोग गर्न हुँदैन ।

(४) कुनै पनि अपाङ्गले अनैतिक बृत्ति वा व्यवसाय गरेर खान पाउनेछैन ।

(५) यस ऐनबमोजिम निषेध गरिएको कुनै काम गर्ने वा त्यस्तो काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न अह्राउने वा मद्दत गर्नेलाई प्रचलित कानून बमोजिम कुनै सजाय हुनेमा त्यस्तो सजायमा थप हुने गरी र सो नभएमा यसै ऐनबमोजिम हुने गरी बढीमा एक वर्षसम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरीवाना वा दुवै हुन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम हुने सजायको अतिरिक्त यस ऐनबमोजिम निषेध गरिएको कुनै काम गरेको कारणबाट वा अन्य कुनै काम गर्नु पर्ने नगरेबाट कुनै स्वस्थ व्यक्ति अपाङ्ग हुन गएको रहेछ भने त्यस्तो व्यक्तिको औषधोपचारको लागि र पछि सामान्य रूपमा जीविकोपार्जन गर्न नसक्ने हुन जाने रहेछ भने त्यसबापत समेत विचार गरी मनासिब माफिकको क्षतिपूर्ति दिलाइनेछ ।

१८. अपाङ्गसम्बन्धी प्रशासनिक व्यवस्थाः (१) अपाङ्ग प्रशासनसम्बन्धी व्यवस्था श्री ५ को सरकारले श्रम तथा सामाजिक कल्याण मन्त्रालय (यसपछि "मन्त्रालय" भनिएको) मार्फत गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि श्री ५ को सरकारले आवश्यक देखेको जिल्लामा समाज कल्याण अधिकृत नियुक्त गर्न वा श्री ५ को सरकारले कुनै अधिकृतलाई तोक्न सक्नेछ ।

४०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) मन्त्रालयले अधिराज्यभरको अपाङ्गको नाम दर्ता गर्न र तिनीहरूको प्रकृति अनुसारको लगत राख्नेछ। प्रत्येक पाँच वर्षमा मन्त्रालयले तत्सम्बन्धी तथ्याङ्कको सङ्कलन गरेर प्रकाशित गर्न सक्नेछ।

(४) अपाङ्गहरू सम्बन्धित सरकारी निकायहरूको कार्यक्रममा मन्त्रालयले समन्वय गराउनेछ।

(५) अपाङ्गलाई बढी सुविधा पुऱ्याउने तथा आत्मनिर्भर बनाउने विषयमा विभिन्न प्रविधिको अनुसन्धान मन्त्रालयले गर्न गराउन सक्नेछ।

१९. सरकारवादी हुनेः यस ऐन अन्तर्गतका मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची– १ मा समावेश भएको मानिनेछ।

२०. अपाङ्गसम्बन्धी नीति तथा कार्यक्रमको योजनाः (१) यो ऐनबमोजिम अपाङ्गको हित, उपचार तथा सुविधा सहुलियतको व्यवस्था गर्न एवं आवश्यक देखिएको अन्य व्यवस्थाहरूसमेत गर्न श्री ५ को सरकारले सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्‌संग सल्लाह गरी आवश्यक नीति तथा कार्यक्रमको योजना तयार गर्नेछ। त्यस्तो योजना तयार गर्नको लागि श्री ५ को सरकारले अन्य निकाय तथा सामाजिक संस्थाहरूको राय पनि लिन सक्नेछ। त्यस्तो योजना कार्यान्वयन गर्न सामाजिक सङ्घ संस्थाहरूलाई प्रोत्साहित गरिनेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको योजना कार्यान्वयन गर्ने गराउने जिम्मेवारी श्री ५ को सरकारको सम्बन्धित निकायको हुनेछ र त्यसको सुपरीवेक्षण गर्ने जिम्मेवारी मन्त्रालयको हुनेछ।

२१. निःसहाय सेवा समन्वय समितिसंगको सम्बन्धः (१) दफा २० बमोजिम अपाङ्गसम्बन्धी योजना कार्यान्वयन गर्दा मन्त्रालयले निःसहाय सेवा समन्वय समितिसँग निकटतम सम्पर्क राखी काम गर्नेछ।

(२) मन्त्रालयले निःसहाय सेवा समन्वय समितिसँग सम्पर्क राखी उपयुक्त देखेमा योजना अनुसारको काममध्ये केही कामहरू स्थानीय पञ्चायत वा सामाजिक कल्याणकारी संस्था वा अपाङ्गको हितको सम्बन्धमा स्थापना भएको संस्थाहरूमार्फत कार्यान्वयन गराउने गरी सुम्पन सक्नेछ।

(३) अपाङ्गसम्बन्धी कार्यको लागि चाहिने वा उपलब्ध हुन सक्ने राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्रोतको संयोजन तथा सङ्कलन गर्न मन्त्रालयले आवश्यक व्यवस्था एवं प्रयास गर्नेछ। त्यस्तो स्रोतबाट प्राप्त नगद वा जिन्सी मालसामान वा सेवा मन्त्रालयले आवश्यकतानुसार निःसहाय सेवा समन्वय समितिलाई वा सम्बन्धित संस्था वा कार्यालयलाई उपलब्ध गराउनेछ।

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. <u>अधिकार प्रत्यायोजन</u> : श्री ५ को सरकारले यस ऐन अन्तर्गत आफूले पाएको कुनै अधिकार समाज कल्याण अधिकृत वा अन्य कर्मचारीलाई वा कुनै संस्थालाई तोकिएको शर्त बन्देजमा रही प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२३. <u>श्री ५ को सरकारले आदेश वा निर्देशन दिन सक्ने</u> : यो ऐनबमोजिम अपाङ्ग संरक्षण तथा कल्याणकारी व्यवस्था गर्नको लागि श्री ५ को सरकारले समाज कल्याण अधिकृत वा अन्य कर्मचारीलाई वा कुनै कार्यालय वा संस्थालाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशन पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२४. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

२५. <u>बचाउ</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा दफा २३ अन्तर्गतको आदेश वा निर्देशनमा लेखिएका कुराहरूमा सोही बमोजिम र अरुमा प्रचलित कानूनबमोजिम हुनेछ ।

आज्ञाले,  
ध्रुववर सिंह थापा  
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०३९।८।६।१

406

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।